आज मिति २०७९।०४।१६ गते सोमवार दिनको ०३:०० बजे यस मध्यपुर थिमि नगरपालिकाका नगर प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा आ.व. २०७९।०८० को नगर कार्यपालिकाको पहिलो बैठक बस्यो ।

**उपस्थिति**

| क्र.सं. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थित |
| २ | उप प्रमुख | श्री विजय कृष्ण श्रेष्ठ | उपस्थित |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबु काजी डंगोल | उपस्थित |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रींकृष्ण श्रेष्ठ | उपस्थित |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरि आचार्य | उपस्थित |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बाल कृष्ण पात्या श्रेष्ठ | उपस्थित |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बाल कृष्ण श्रेष्ठ | उपस्थित |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञान दास प्रजापति | उपस्थित |
| ९ | वडा अध्यक्ष,वडा नं.७ | श्री कृष्ण कुमार प्रजापति | उपस्थित |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | उपस्थित |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजवाहक | उपस्थित |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थित |
| १३ | कार्यपालिका सदस्य | श्री सितां विश्वकर्मा | उपस्थित |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थित |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थित |
| १६ | कार्यपालिका सदस्य | श्री तुइलमाया चक्रधर | उपस्थित |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | उपस्थित |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थित |
| १९ | कार्यपालिका सदस्य | श्री वालकृष्ण परियार | उपस्थित |
| २० | सदस्य सचिव | श्री चुरामणि पन्थी | उपस्थित |
| | | आमन्त्रित | |
| १ | महाशाखा प्रमुख | श्री केशव सिलवाल | उपस्थित |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थित |
| ३ | शाखा अधिकृत | श्री धन कृष्ण श्रेष्ठ | उपस्थित |
| ४ | अधिकृत स्तर छैठौं | श्री कृष्ण सुन्दर थापा मगर | उपस्थित |

प्रतिलिपि

**निर्णय नं १**

काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, भक्तपुर द्वारा सञ्चालित सिन्टिटार जग्गा एकिकरण आयोजनाको मिति २०७८।१२।१६ को आयोजना व्यवस्थापन उपसमितिको छत्तिसौं बैठकको निर्णय अनुसार आयोजना सञ्चालन व्यवस्थापन / हस्तांतरण यस नगरपालिकालाई गर्ने भनि भएको निर्णय अनुसार सो आयोजनाको सञ्चालन व्यवस्थापन यस नगरपालिकाबाट गर्ने गरि सम्बन्धित कागजातहरु बुझबुझारथ गरिलिने निर्णय गरियो ।

**निर्णय नं २ :**

यस नगरपालिकाबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडा समितिको सिफारिसमा तपसिल बमोजिमको बैंक मार्फत वितरण गरिने गरी सम्झौता गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | सामाजिक सुरक्षा भत्ताको रकम वितरण गर्ने बैंकको नाम | ठेगाना |
|---|---|---|
| १ | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि., लोकन्थली शाखा | लोहकिल्थली |
| २ | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, सानोठिमी शाखा | सानोठिमी |
| ३ | सिद्धार्थ बैंक लिमिटेड, गठ्ठाघर शाखा | गठ्ठाघर |
| ४ | माछापुच्छ्रे बैंक लिमिटेड, थिमि शाखा | नयाँ थिमि |
| ५ | सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेड, थिमि शाखा | बहाखा बजार |
| ६ | सिटिजन्स् बैंक इन्टरनेशनल लिमिटेड, थिमि शाखा | बहाखा बजार |
| ७ | कुमारी बैंक लिमिटेड, थिमि शाखा | मिलरोड थिमि |
| ८ | मेगा बैंक नेपाल लि., थिमि शाखा | मिलरोड थिमि |
| ९ | मेगा बैंक नेपाल लि., थिमि शाखा | मिलरोड थिमि |

**निर्णय नं ३**

मध्यपुर थिमि नगरपालिका, मध्यपुर थिमि नगरपालिकाका निर्वाचित पदाधिकारीहरु र मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिकाका अन्तर्गतका महाशाखा, शाखा, एकाई, सचिवालय, आयोजना, वडा कार्यालयका कर्मचारीहरु पक्ष वा विपक्ष भई विभिन्न अड्डा अदालतहरुमा मुद्दा दर्ता गर्न तथा प्रत्यर्थी भई निवेदन, फिरादपत्र, लिखित जवाफ, प्रतिउत्तरपत्र दर्ता , पुनरावलोकन पत्र दर्ता गर्न तथा अन्य जे जो गर्नुपर्छ सो को अख्तियारी प्राप्त व्यक्ति भई कार्य गर्न मध्यपुर थिमि नगरपालिका नगर कार्यपालिका, नगर सभा र नगर प्रमुखको हकमा मध्यपुर थिमि नगरपालिकाको नगर प्रमुखले, नगर उप्रमुखको हकमा मध्यपुर थिमि नगरपालिकाका नगर उपप्रमुखले, वडा अध्यक्ष, र वडा समितिको हकमा वडा अध्यक्षले, नगरपालिका कार्यालयको हकमा प्रमुख प्रशासकीय अधिकृतले , महाशाखा, शाखा, एकाई, सचिवालय, आयोजनाको हकमा तत् सांगठनिक संरचनाका प्रमुखले ,वडा कार्यालयको हकमा वडा प्रशासकीय प्रमुखले,वडा सदस्य, पदाधिकारी, कर्मचारीको नाम किटान भएकोमा तत् तत् व्यक्तिले कार्य गर्ने गरी अख्तियारी दिने निर्णय गरीयो ।

**निर्णय नं ४**

यस नगरपालिका साविक वडा न ४ स्थित अरनीको राजमार्गको उत्तर तर्फको शंखधर चोकबाट क्षयरोग केन्द्र जाने साईट रोड ( Track Road ) र पहिरो रोकथामका लागि आबश्यक संरचना निर्माण गर्न काठमाडौं धुलिखेल बर्दिवास सडक आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

प्रतिलिपि

**निर्णय नं ५**

यस नगरपालिकाको परम्परागत कला संस्कृतिको जगेर्ना गर्दै मनाईने देहाय बमोजिमका चाड पर्वलाई देहाय बमोजिमको रकम चालु आ.बको ख.शि नं २५३१४ मा विनियोजित बजेटबाट खर्च ब्यहोर्ने गरी उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं | नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | श्रीकृष्ण पुजा | २,००,०००।- | |
| २ | लायकु भैल | ४,००,०००।- | |
| ३ | महाकाली नाँच | ४,००,०००।- | |
| ४ | गुंला (मानन्धर समूह) | ३,००,०००।- | |
| ५ | गुंला (नासनानी वडा नं. ५) | ३,००,०००।- | |
| ६ | गुंला (बज्राचार्य वडा नं. ६) | १,५०,०००।- | |
| ७ | गुंला (नगदेश वडा नं. ७) | ३,००,०००।- | |
| ८ | निलबाराही नाचँ बोडे | ४,००,०००।- | |
| ९ | चपाचो बासुरी खल | ६५,०००।- | |
| १० | नेवारी गीत छायाङ्कन (नविन प्रकाश श्रेष्ठ) | १,००,०००।- | |
| ११ | पोङ्गा गुरु (दिलकृष्ण भासिमा) | ५०,०००।- | |

**निर्णय नं ६**

यस नगरपालिका क्षेत्रको सार्वजनिक प्रति जोडिएको जग्गामा घर नक्सा पास गर्दा हाल व्यवस्था भएको मापडण्दमा के कस्तो परिवर्तन गर्न सकिन्छ अध्ययन गरि आगामी बैठकमा पेश गर्न शहरी विकास तथा योजना महाशाखा प्रमुख ई. सत्य नारायण साहलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ७**

यस नगरपालिकाको नगरस्तरीय बाल अधिकार समिति र वडा बाल अधिकार समिति देहाय बमोजिम गंठन गर्ने निर्णय गरियो ।

**तपसिल**

**क. नगरस्तरीय बाल अधिकार समिति**

| | | |
|---|---|---|
| १. नगरकार्यपालिका उपप्रमुख | | अध्यक्ष |
| २. महिला सदस्य वा दलित महिला सदस्य | १ जना | सदस्य |
| ३. नगरपालिका स्वास्थ्य शाखाको प्रतिनिधि | १ जना | सदस्य |
| ४. प्रहरी वृत्त ठिमीको प्रतिनिधि | १ जना | सदस्य |
| ५. नगरपालिकाको शिक्षा शाखाको प्रतिनिधि | १ जना | सदस्य |
| ६. बाल अधिकारकर्मीको तर्फवाट | १ जना | सदस्य |
| ७. महिला विकास समिति वा संस्थाको प्रतिनिधि | १ जना | सदस्य |
| ८.सामाजिक कार्यकर्ता | १ जना | सदस्य |
| ९. बालक्लब प्रतिनिधि मध्येवाट | १ जना | सदस्य |
| १०.बालबालिका शाखा प्रमुख | १ जना | सदस्य |
| ११. बाल कल्याण अधिकारी | | सदस्य —सचिव |

प्रतिलिपि

यस नगरपालिकामा बाल कल्याण अधिकारी नियूक्ति नभएकोले सोको काम गर्न यस नगरपालिका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको शाखा प्रमुखलाई तोक्ने निर्णय गरियो ।

**ख . वडास्तरीय बाल अधिकार समिति**

| | | |
|---|---|---|
| १. प्रत्येक वडामा वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य | | अध्यक्ष |
| २. महिला सदस्य वा दलित महिला सदस्य | १ जना | सदस्य |
| ३. स्वास्थ्यकर्मी | १ जना | सदस्य |
| ४. विद्यालयको शिक्षकको तर्फवाट | १ जना | सदस्य |
| ५. महिला विकास समिति वा संस्थाको प्रतिनिधि | १ जना | सदस्य |
| ६. सामाजिक परिचालक | १ जना | सदस्य |
| ७. महिला स्वास्थ्य स्वयं सेविका | १ जना | सदस्य |
| ८. महिला सामाजिक कार्यकर्ताको तर्फवाट | १ जना | सदस्य |
| ९. बालक्लब प्रतिनिधि मध्येवाट | १ जना | सदस्य |
| १०. वडा प्रशासकीय प्रमुख | | सदस्य —सचिव |

**निर्णय नं . ८**

सिन्टिटार जग्गा एकिकरण आयोजना अन्तर्गत **LONG ROAD O-P Bituminous surfacing works at Sintitar Land pooling project , Bode , Bhaktapur** को ठेक्का न SLPPNLB Works 01 077/078 को समयाबधि २०७९ मंसिर मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं . ९**

शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपन केन्द्र, भक्तपुरको च.नं ११ मिति २०७९ ।०४।०७ को पत्रको सम्बन्धमा आजको बैठकमा छलफल भयो ।

**निर्णय नं . १०**

यस नगरपालिकामा ब्लड बैंक स्थापना स्विकृतको लागि नेपाल रेड्क्रस सोसाईटी , केन्द्रिय रक्त संचार केन्द्र काठमाडौ लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं . ११**

यस नगरपालिका साविक वडा नं ७ का पुर्व वडा अध्यक्ष तथा मध्यपुर थिमि नगरपालिका नेपाली कांग्रेस पुर्ब नगर सभापति स्वर्गीय शिव भक्त थापा श्रेष्ठको मिति २०७९।४।१३ गते असमायिक निधन भएकोले शोक ब्यक्त गर्दै शोक सन्तप्त परिवारमा धैर्य धारण गर्ने शक्ति मिलोस भनी शोक प्रस्ताब पारित गर्ने निर्णय गरियो ।